# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. नेपालद्वारा विद्यार्थीसँग नेपाल राष्ट्र बैंक र Cross the Border कार्यक्रमलाई सम्बोधन

## विद्यार्थीसँग नेपाल राष्ट्र बैंक कार्यक्रम



गभर्नर कार्यालयले वित्तीय साक्षरता बढाउने उद्देश्यले २०७३ साल पुस ८ गते स्याङजा जिल्लाको रंगेठाटीमा अवस्थित प्रद्युम्न पनेरु उच्च माध्यमिक विद्यालयमा संचालन गरेको विद्यार्थीसँग नेपाल राष्ट्र बैंक कार्यक्रममा गभर्नर डा. चिरंजीबि नेपाल उपस्थित हुनुभयो । उक्त कार्यक्रममा गभर्नर डा. नेपालले वित्तीय साक्षरताको महत्व बारे प्रकाश पार्दै विद्यार्थीहरुको वित्तीय चेतना बढाउने थुप्रै व्यवहारिक उदाहरणहरू प्रस्तुत गर्नु भयो । उक्त कार्यक्रममा गभर्नर कार्यालयका निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले वित्तीय साक्षरता सम्बन्धी आधारभूत विषयहरूमा कुराहरुमा प्रकाश पार्नु भयो भने सो कार्यक्रममा नेपाल राष्ट्र बैंक पोखरा कार्यालयका निर्देशक श्री चिरंजीबि चापागाई र स्याङजा जिल्लाका जिल्ला शिक्षा अधिकारीले मन्तव्य राख्नु भयो । उक्त विद्यालयका व्यवस्थापन समितिका अध्यक्षको सभापतित्वमा उक्त कार्यक्रम सम्पन्न भएको थियो ।

## Cross the Border कार्यक्रम

मिति २०७३ पुस ९ गते The Snowland Hotel, पोखराले आयोजना गरेको उद्यमशीलता प्रवर्द्धन गर्ने Cross the Border कार्यक्रममा गभर्नर डा. नेपालले प्रमुख बक्ताको रूपमा वार्ता प्रस्तुत गर्नु भयो । पोखरा क्षेत्रका उद्यमी, विद्यार्थी र पत्रकारहरूको उपस्थिति रहेको सो कार्यक्रममा गभर्नर डा. नेपालले उद्यमशीलताको महत्व र नेपालमा उद्यमी बन्नको लागि भएका अवसरहरूबारे प्रकाश पार्नु भयो । साथै, सो कार्यक्रममा गभर्नर डा. नेपालले उद्यमशीलता प्रवर्द्धन गर्न सहज कर्जा प्रवाहको लागि नेपाल राष्ट्र बैंकले गरेका व्यवस्थाहरूका बारेमा पनि बताउनु भयो । उद्यमशीलता बिना देशले आर्थिक सफलता हासिल गर्न नसक्ने भन्दै वैदेशिक रोजगारीमा जानुभन्दा स्वेदशभित्रै उद्यमी बनी स्वरोजगार बन्ने र थप रोजगारी सिर्जना गर्ने कार्यमा लाग्न सबैलाई सुझाव दिनु भयो । उक्त कार्यक्रममा सहभागीहरुबाट उठाएका जिज्ञासाहरूलाई सम्बोधन गर्दै उत्पादनशील क्षेत्रमा




कर्जाको लागि सहुलियतपूर्ण व्याजमा बैंकहरूबाट ऋण प्रवाह गर्ने व्यवस्था गरिएको जानकारी दिनु भयो । तर बैंकहरूले सर्वसाधारणको निक्षेपबाट ऋण प्रवाह गर्ने हुँदा सतर्कता भने अपनाउनु पर्ने बताउनु भयो । नविनता र जोखिम लिई उद्यमी बन्न उत्प्रेणा दिने विभिन्न उदाहरणहरु प्रस्तुत गरेर सहभागीहरूलाई उद्यमशील बन्न उत्साही गराउनु भयो ।

**२०७३ पुस ९, शनिबार** — **गभर्नरको कार्यालय**